

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २०४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन २१ गते सोमबार ❑ 5 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पसलमा आगो लगाएर बिमा रकम माग्न जादाँ पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

भएको आफ्नो पसल माथि आगो लगायर बिमा रकम भुक्तानीको लागि माग गर्दा पोखरामा दुई जना पक्राउ पर्नु भएको छ ।

पोखरामा बिमा रकम ठगि गर्ने उद्धेश्यले आफ्नै पसलमा आगलागी गर्ने पोखरा १७ ड्यामसाइडका ३६ बर्षका सुजन गहतराज र पोखरा १७ विरौटा बस्ने ४३ बर्षका पवन नेपाललाई कास्की प्रहरीले पक्राउ गरेको हो ।

बिमाको रकम ठगि गर्ने उद्धेश्यले साउन १६ गते गत बुधबार पोखरा ६ नारेश्वरचोकमा रहेको मुक्तिनाथ सपिङ्ग सेन्टर प्रा.लि.मा आफै आगलागी गर्ने पसल संचालक गहतराज र नेपाललाई कास्की प्रहरीले पक्राउ गरी आपराधिक उपद्रव गर्न नहुने शिर्षकमा मुद्दा दर्ता गरी कास्की जिल्ला अदालतवाट ७ दिन म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रमुख एसपी मोहन कुमार थापाले बताउनुभयो ।

वडा प्रहरी कार्यालय बैदामका डिएसपी सन्तोष निरौलाको कमाण्डमा खटिएको टोलीले अनुसन्धान गर्दा जादा मिलेमतोमा आगलागी गरी बिमाको रकम ठगि गर्ने उद्धेश्यले आगलागी गरेको पुष्टि गरेको थियो । बुधबार राति २:१० बजे आफैले आगलागी गरी पसलबाट बाहिर निस्कनु भएका गहतराज र नेपाल साउन १७ गते बिमा दाबी भुक्तानीको लागि प्रहरी सहित बिमा कम्पनीमा सम्पर्कमा आउदै आगलागीको काजपत्र बनाउन लाग्नु भएको थियो । स्थानियले खबर गरे पश्चात सुरक्षाकर्मी, पोखरा महानगरको दमकल, स्थानियको सहयोगमा १ घण्टामै आगो नियन्त्रणमा आएको थियो । नारेश्वरचोक स्थित डा.थानेश्वर पहारीको घरमा भाडा लिई गहतराजले विगत ३ बर्ष देखि मुक्तिनाथ सपिङ्ग सेन्टर प्रा.लि.संचालन गर्दै आउने क्रममा केही महिना अघि मात्र दुई करोड १० लाख बराबरको हिमालयन एभरेष्ट ईन्स्योरेन्स लिमिटेड पोखरा न्युरोडबाट बिमा गराउनु भएको थियो । इन्भटरबाट आगलागी भएको हुन सक्ने संचालक गहतराजले प्रहरी समक्ष दिएको बयानको आधारमा अनुसन्धानको क्रममा इन्भर्टरबाट आगलागी हुन नसक्ने पुष्टि भएसंगै उहाँ दुबै जनाको योजनाबद्ध ढंगबाट आगलागी भएको प्रहरीले पुष्टि गरेको हो । पुर्व योजना भएको हुदाँ सुजन गहतराजको घरबाट गाडीमा स्प्रिटको ग्यालेन समेत राखेको प्रहरीले जनाएको छ ।

पसल संचालक सुजन गहतराजले उनको साथी पवन नेपाललाई ड्यामसाईडको फेवा भिर रेष्टुरेण्टमा वोलायर खाजा सहित ५ वोपल बियर पिएको समेत अनुसन्धानबाट खुलेको छ ।

पछिल्लो समयमा पसल खासै धेरै नचलेको र सामान ठुलो मात्रामा स्टक भएको र घरधनी समेतसंग भाडा लगायतका कुरामा विवाद रहेको कारणले गर्दा पनि आगो लगाएको गहतराजले प्रहरी सामु बयान दिनु भएको प्रहरीले जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ ।

पवन नेपाल संग प्रारम्भिक सोधपुछ गर्दा गत वर्ष पवन नेपालले संचालन गरेको पश्चिमाञ्चल एकिकृत कृषि केन्द्रबाट संचालित सफल पोल्ट्रि फार्ममा आगो लागेकोले उक्त आगोलागीबाट उहाँले ईन्स्योरेन्स कम्पनीबाट करिब ३१ लाख रूपैया लिएको भनेपछि सुजन गहतराज सो कुराबाट प्रभावित भई योजना बनाएको देखिन्छ ।

आगलागी पछि प्रहरी सामु बिमा नगरेको बयान दिनु भएको गहतराजले भोलि पल्ट बिमाको काज पत्र बनाउन लागेको र सीसी टिभि फुटेजमा समेत उहाँहरु गतिविधि देखिएको प्रहरीले जनाएको छ । घर भेटिले भने ७५ लाख बराबरको घरमा आगलागीबाट क्षती भएको दाबी गर्नु भएको छ भने पसल संचालक गहतराजको करिब १ करोड भन्दा बढीको सामान क्षती पुगेको बताइन्छ । पोखरामा इसता घटना विरलै हुने गरेको कास्की प्रहरीले जनाएको छ ।

## कम विद्यार्थी भएका आधारभूत विद्यालयलाई मर्जमा लैजानुपर्छः मन्त्री भट्टराई

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन




नेपाल सरकारका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले नेपालको शिक्षाको गुणस्तरको लागि आधारभूत तहबाटै शिक्षामा सुधार गर्नुपर्ने बताउनु भयो ।

प्रेस चौतारी कास्कीले आइतबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मन्त्री भट्टराईले एसईईको राम्रो नतिजा ल्याउन कक्षा १ देखि ५ सम्म आधारभूत तहमा राम्रो गर्न सके एसईईमा त्यसको परिणाम राम्रो हुने बताउनु भएको हो ।

सरकारले बिद्यालय शिक्षा ऐन ल्याउने तयारी गरेको बताउदै उहाँले अबको शिक्षा व्यवहारिक र सिपमुलक हुने जनाउनु भयो । शिक्षामा धेरै योजना नभएको कारण शिक्षा क्षेत्रमा धेरै समस्या भएको दाबी गर्दै मन्त्री भट्टराईले संसदीय समितिहरुमा छलफलमा रहेका ऐनहरुलाई छिटो भन्दा छिटो सक्नको लागि सहजीकरण गर्दै अघि बढाएको जनाउदै बिद्यालय शिक्षा ऐन ल्याउने गृहकार्य भएको उल्लेख गर्नु भयो । एकिकृत शिक्षा ऐन आवश्यक भएको दाबी गर्दै मन्त्री भट्टराईले अब आफुहरुको पहिलो काम ऐन निर्माण गर्नुपर्छ भनेर त्यसमा आफु केन्द्रित भएको जनाउनु भयो । १ सय ५२ भन्दा बढी संसोधनको प्रस्ताव आएको मन्त्री भट्टराईले जनाउनु भयो । दफावर छलफल गरेर उक्त ऐनहरु ल्याउने अन्तिम चरणमा रहेको उहाँले बताउनु भयो । मन्त्रालयमा अझै ऐनहरु विचाराधिन अबस्थामा रहेकोले उच्च शिक्षा, विश्व बिद्यालय लगायतका बिषयमा भने समस्या रहेकोले त्यसलाई निराकरण गर्दै जाने मन्त्री भट्टराईले जनाउनु भयो ।

विद्यालयमा खाजा वितरण कार्यक्रम थप प्रभावकारी र गुणस्तरिय खाजा वितरणको लागि स्थानिय स्तरमा उत्पादन हुने खाद्य बस्तुलाई पहिलो प्रथामिकता दिन उहाँको सुझाव थियो । ५ जिल्लामा २० र त्यस बाहेक अन्य ठाँउमा खाजा प्रति व्यक्ति १५ रुप्रैया कायम गरिएको छ । अघिल्ला सरकारले ल्याएका राम्रो कामलाई आत्मसाथ गर्दै अघि बढाउने जनाउदै मन्त्री भट्टराईले आफु विधि, कानून अनुसार अघि बढ्ने यदि चुकेर काम गर्न बाध्य पारे राजीनामा समेत दिने चेतावनी दिनु भयो । ठूला दुई दल मिलेर सरकार बन्दा पनि देशमा आर्थिक विकास र समृद्धि तथा देशमा स्थिरता दिनसक्नु पर्ने यसमा अब ढिला गर्ने छुट कसैलाई नभएको उहाँको भनाई थियो । १ सय भन्दा कम बिद्यार्थी भएका १७ हजार बिद्यालय मध्य आधारभूत बिद्यालय (कक्षा १ देखि ५ सम्मका) लाई मर्जमा लैजानुपर्ने उहाँले बताउनु भयो । सरकारी बिद्यालयमा सरकारको ध्यान जानुपर्ने तर जिजी क्षेत्रको शिक्षामा केही कुरा सुधार गरी त्यसको राज्यले नियम भने गर्नुपर्ने मन्त्री भट्टराईले जनाउनु भयो । देशमा भएका नमुना बिद्यालय र राम्रो गरेका बिद्यालयको उचित प्रचार प्रसारमा उच्च शिक्षा हासिल गर्न धेरै युवा विदेशीने देशमा नकरात्मक कुरा भाष्य खडा गरिएको उहाँको भनाई थियो । सिटिइभिटिलाई समेत अब पुनः संरचना गरी नयाँ पाठ्यक्रमहरु थप गर्नुपर्ने अबस्था रहेको मन्त्री भट्टराईले जनाउनुभयो ।

## एमालेलाई निर्णायक राष्ट्रिय शक्ति बनाउँछौँ: उपमहासचिव ज्ञवाली

**पोखरापत्र संवाददाता**
दमौली, २० साउन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव प्रदीप ज्ञवालीले पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिको रूपमा विकास गरिने बताउनुभएको छ । एमाले तनहुँले आइतबार दमौलीमा आयोजना गरेको प्रशिक्षण कार्यक्रममा उहाँले एमाले राष्ट्रिय शक्तिको रूपमा विकास भएपछि समाजवादको आधार तयार हुने बताउनुभयो ।

जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादको आधार निर्माण गर्नुपर्ने उल्लेख गर्दै ज्ञवालीले त्यसका लागि एमालेलाई निर्णायक राष्ट्रिय शक्ति बनाउनुपर्ने बताउनुभयो । नेपालको हरेक निर्णायक क्रान्ति र निर्णायक समयमा नेकपा (एमाले) र नेपाली कांग्रेसको सहकार्य हुने गरेको भन्दै ज्ञवालीले पछिल्लो पटक २०६२/६३ को मौलिक क्रान्ति र संविधान निर्माणका क्रममा एमाले र कांग्रेसले सहकार्य गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "सुखी नेपाली समृद्ध नेपालको


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## पोखरा रंगशालाका अधुरा कार्य पूरा गर्न सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

गण्डकी प्रदेश बक्सिङ संघको प्रथम अधिवेशनले विद्या प्रसाद मर्सानीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । पोखरामा आइतबार सम्पन्न प्रथम अधिवेशनले कास्कीका मर्सानीको नेतृत्वमा १५ सदस्यिय कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

आगामी चार वर्षका लागि निर्वाचित अन्य पदाधिकारी मध्य प्रथम उपाध्यक्षमा नरेश भट्टराई (कास्की), द्वितिय उपाध्यक्षमा सनी केसी (बाग्लुङ), महासचिवमा खगेन्द्र क्षेत्री (पर्वत), सचिबमा भरत पराजुली (कास्की) र कोषाध्यक्षमा सुमन श्रेष्ठ (कास्की) रहनु भएको


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



## हार्दिक बधाई




**श्री लोकबहादुर काकी**

भद्रकाली माध्यमिक विद्यालय कुँडहर, पोखरा-१३, कास्कीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **श्री लोकबहादुर कार्की**ज्यू जोर्ज जोन शिक्षा प्रतिष्ठानको २८औं वार्षिकोत्सव समारोहमा शैक्षिक व्यवस्थापनका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु भएकोमा सम्मानित हुनुभएको छ । यस अवसरमा सम्मानित व्यक्तित्व लोकबहादुर कार्कीज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दै सुस्वास्थ्य, सुख, शान्ति, दीर्घायु तथा सामाजिक क्षेत्रमा निरन्तर लाग्ने प्रेरणा प्राप्त होओस् भन्दै सम्मान गर्ने संस्था जोर्ज जोन प्रतिष्ठानप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**भद्रकाली माध्यमिक विद्यालय परिवार**
**पोखरा-१३, कास्की**



## सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बाँझापाटन (क) टोलको अध्यक्षमा सु.नौ वहादुर र आमा समुहमा प्रेम कुमारी

पोखरापत्र संवाददाता
पोखरा, २० साउन

पोखरा महानगरपालिका वडा नं १३ स्थित बाँझापाटन (क)टोल बिकास संस्थाको शनिवार भएको १५ औं साधारण सभा तथा ७ औ अधिवेशनले सु.नौ बहादुर गुरूङको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।





संस्थाको प्रथम उपाध्यक्षमा ईश्वर बहादुर गुरूङ, द्धित्तिय उपाध्यक्षमा दिलु गुरूङ, सचिवमा पुनः मेन कुमार गुरूङ(कालु), कोषाध्यक्षमा मोहन राज गुरूङ, सह-सचिवमा सरोज कुमार श्रेष्ठ, सह-कोषाध्यक्षमा जयराम सुबेदी चयन हुनु भएको छ। त्यसैगरी सदस्यहरुमा क्रमश एकदेव रानाभाट, कर्ण बहादुर गुरुङ, शशी ताम्राकार, विष्णु माया परियार, रेशम गुरुङ र भिम बहादुर गुरुङ छन्। संस्थाका सल्लाहकारमा ना.सु कृष्ण बहादुर गुरुङ, क्या. गन्ज बहादुर गुरुङ, तिलक गुरुङ, राजन बङ्गामी, युवराज गुरुङ र सुर्य लक्ष्मी श्रेष्ठ चयन हुनु भयो।

त्यसैगरी सोही दिन महिला समुहको अध्यक्षमा प्रेम कुमारी गुरुङ, प्रथम उपाध्यक्षमा ममता घिमिरे, द्धित्तिय उपाध्यक्षमा तिलु गुरुङ, सचिवमा बेला गुरुङ, कोषाध्यक्षमा लेखा गुरुङ , सदस्यहरुमा क्रमश राम माया श्रेष्ठ, दमयन्ति गुरुङ, रिता रानाभाट, सिता सापकोटा, रिता गुरुङ, दमयन्ति प्रधान, चुना जिसी र लक्ष्मी सुनार चयन हुनु भयो। वडा नं १३ का वडा सदस्य सुचित तामाङले वडा नं १३ कहाँ पर्छ भनेर प्रश्न आउँदा बाँझापाटन भनेर उत्तर आउने टोल भएकाले सबैको प्रिय बन्दै आएको भन्नु भयो । आमा दिदी वहिनीहरुलाई बोल्ने कला विकासको लागि आँफु सहयोग गर्न तयार रहेको सदस्य तामाङ भन्नुभयो। कमलपोखरी मार्ग टोल विकास संस्थका अध्यक्ष सु. इन्द्रवहादुर गुरुङले बोल्ने कलाको तालिमको लागि कमलपोखरी टोल विकास संस्थाका हल निशुल्क दिने वचन वद्धता गर्नुभयो । बाँझापाटन (क)टोल बिकास संस्थाका अध्यक्ष सुर्य लक्ष्मी श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा पोखरापत्र राष्ट्रिय दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल, बाँझापाटन तमु समाजका अध्यक्ष तथा संस्थाका सल्लाहकार नासु कृष्ण वहादुर गुरुङ, सिर्जना मार्ग टोल विकास संस्थाका अध्यक्ष क्या. देउवहादुर गुरुङ लगायत वोलेको कार्यक्रममा संस्थाका उपाध्यक्ष सु. नौ वहादुर गुरुङले स्वागत र सचिव मेन कुमार गुरुङ(कालु)ले मिठास तरिकाले संचालन गर्नु भएको थियो । कार्यक्रममा संस्थाका सचिव मेन कुमार गुरुङ र कोषाध्यक्ष क्या. गञ्जवहादुर गुरुङले प्रस्तुत गर्नुभएको प्रतिवेदन पारित भएको संस्थाका साधारण सदस्य सोनिमा गुरुङ(सिता)ले पोखरापत्रलाई वताउनु भयो ।

# ललितकला (फाइन आर्ट) अध्ययन गरेका विद्यार्थीको लागि रोजगार ग्यारेन्टी

पोखरापत्र संवाददाता
पोखरा, २० साउन

नेपालमा सिपमुलक र व्यवसायिक शिक्षा नहुँदा स्नातकोत्तर अध्ययन गरेर पनि बेरोजगार हुने समस्या बढेका वेला पोखराको हिल प्वाइन्ट स्कुलमा भने ललित कला( फाइन आर्ट) कोर्ष अध्ययन गरेका विद्यार्थीले रोजगारको कुनै चिन्ता लिनु पदैन् ।

प्लस टु मा उक्त कोर्ष पूरा गर्ने विद्यार्थीहरुले रोजगारको अवसर प्राप्त गरेको विद्यालयका प्रिन्सिपल दीवाकर जैसीले बताउनु भयो। २०७३ साल देखि पोखरामा धैरै सम्भावना देखेर उक्त कोर्ष सुरु गरेसंगै बिद्यालयमा अध्ययन गरेका अधिकांश विद्यार्थीहरु स्वरोजगारदेखि रोजगारको अवसर प्राप्त गरेको उहाँले दाबी गर्नु भयो। उक्त कोर्ष पूरा गरे लगत्तै बजारमा धैरै माग भएकोले कुनै पनि बिद्यार्थीहरु बेरोजगार बस्न नपर्ने रोजगारको ग्यारेन्टि नै हुने बिद्यालयले दाबी गरेको छ।

गण्डकी प्रदेशमा पहिलो पटक ललित कला(फाइन आर्ट) कोर्ष बढाई हुदै आएको पोखराको हिव प्वाइन्ट स्कुलबाट हालसम्म १ सय ९० जना विद्यार्थीहरु उत्तीर्ण भएको प्रिन्सिपल जैशीले जनाउनुभयो।



एसईई उर्त्रिण पश्चात आफ्नो रुचिको बिषयको रुपमा रहेको ललित कला कोर्ष पूरा गरेका केही व्याचलर गर्न काठमाडौं त केही विदेशमा समेत जानुभएको उहाँले जनाउनु भयो।

ललित कलाको व्याचलर गर्न भने काठमाडौं जानुपर्ने बाध्यता रहेको छ। ललित कला बढेर के गर्ने यसमा भविश्य छैन भन्नेहरु तर्क रहदा यसको महत्व बुझेर पढ्न आएकाहरुले यस क्षेत्रमा भविश्य देख्न थाल्नु भएको छ। विद्यार्थीहरुले अध्यय तथा प्रशिक्षणको क्रममा निर्माण गरेका कला कृतिहरुलाई उचित मुल्यमा बिक्रि वितरण गर्न सके विद्यार्थीहरुलाई कम्तिमा रंग रोगन खरिद गर्ने रकम जोहो गर्न सकिने प्रिन्सिपल जैलीले बताउनुभयो । आफुले अपेक्षा गरे अनुरुप यस बिषयमा अध्यय गर्न आउने सङ्ख्या घट्दो रुपमा रहेकोले यस बिषयको व्यापक प्रचार प्रसार तथा महत्व बुझाउनु पर्ने विद्यालयले जनाएको छ । कास्कीको सिग्लेसबाट किरण गुरुङले उक्त स्कुलमा प्लस टु अर्न्तगत ललित कला बिषयमा अध्ययन गर्दैछन् । सानै उमेर देखि कलामा रुचि राखेका उनको परिवारले साथ दिदा इच्छा अनुसारको प्लस टुमा अध्ययन गर्ने अवसर प्राप्त गरेका हुन् । अग्रज दाइ दिदीबाट थप प्रेरणा पाएका उनीले यस क्षेत्रमा राम्रो सम्भावना रहेको दाबी गर्नु भयो । आफ्नै केही साथी र आफन्तले भने यस क्षेत्रमा स्कोप छैन भन्ने गरेको उनले स्मरण समेत गर्नु भयो। उक्त बिद्यालयको अभियानमा कलाकार बाबुराम बस्ताकोटी, सरेन्द्र अधिकारी, सुदिन श्रेष्ठ र अर्जुन खत्रीले अध्यायापन गर्दै आउनु भएको छ । प्रभु बैंकले विद्यार्थीहरुको हौसला स्वरुप उनीहरुले निर्माण गरेका कलाकृती खरिद गर्न चासो देखाएको छ । विद्यार्थीहरुको न्यूनतम खर्च व्यबस्थापनमा सहयोग पुग्ने उद्देश्यले प्रभु बैंकले केही चित्र कला कृतिहरु खरिद गर्ने भएको बैंकका सन्तोष अधिकारीले बताउनु भयो।

प्रकृतिले सजिएको सुन्दर शहर पोखरा कला र संस्कृतिको लागि पनि प्रसिद्व भएकोले उहाँ कला बिषय अध्ययन गर्न प्रदेशका अधिकांश जिल्लाबाट सहभागि भएको विद्यालयले जनाएको छ । साहित्य, संगित, अभिनय र चित्रकारिताको क्षेत्रमा देशभर नाम चलेका प्रतिभा जन्माउने थलो पोखरामा यस बिषयले थप सहयोग पुग्ने अपेक्षा गरिएको छ। कलाप्रतिको वड्दो आर्कषणलाई पुरा गर्न माटेपानीको हिल प्वाईन्ट माविले ललितकलामा दश जोड दुईको पढाई शुरु गरेसंगै हाल १५ जना मात्र विद्यार्थीहरु उक्त कोर्ष अध्ययनरत छन्। कुनै पनि क्षेत्रमा वसोवास गर्ने गरिव तथा जेहन्दार विद्यार्थीहरुलाई ललितकला अध्ययनमा विशेष छुट दिइने प्रिन्सिपल जैशीले जनाउनु भयो। यस बिषयको सुरुवातमा भने विद्यालयमा ३४ जना विद्यार्थीहरु अध्ययन गर्नु भएको थियो।

पोखराको माउण्ट अन्नपूर्ण मावि सबै भन्दा पहिलो पोखराको जिजी विद्यालय हो भने हिज प्वाइन्ट स्कुल दोश्रो पटक स्थापना भएको थियो । विद्यालयमा हाल ललित कला सहित बिद्यान, व्यबस्थापन र मानविकी कोर्षको बढाई हुने गरेको छ। विद्यालयमा हाल ६ सय ६५ जना विद्यार्थीहरु रहेका छन भने शिक्षक तथा कर्मचारी गरी ५२ जना रहनुभएको छ।

# नवदुर्गा क्लवको रतन पाण्डेमा निशुल्क दन्त शिविर

पोखरापत्र संवाददाता
पोखरा, २० साउन

पोखरा महानगरपालिका वडा नं १३ स्थित नवदुर्गा युवा क्लवको आयोजनामा एक दिने निःशुल्क दन्त शिविर शनिवार सम्पन्न भयो। आर्वा स्थित रतन पाण्डे माविमा भएको शिविरमा एक सय २० जनाले दन्त परीक्षण गरेका थिए।



सोही शिविरमा २० जनाले किराले खाएको दाँत निकालेको थिए । पोखरा-९ न्यूरोड स्थित नागरिक डेन्टल क्लिनिक एण्ड अर्थोडोन्टिक सेन्टरको प्राविधिक सहयोगमा शिविर संचालन भएको थियो। शिविरमा दाँत विशेषज्ञ डा कृपा शाही, डा भेषराज पराजुली, डेन्टल हाइजेनिष्ट मनिसा जिसी र जेनिशा श्रेष्ठले दाँत सम्बन्धि हरेक समस्याको जाँच सँगै उपचार गरेका थिए। नव दुर्गा टोल विकास संस्थाका पदाधिकारीहरुले स्वयं सेवकको भुमिका निर्वाह गरेका थिए। वडा नं १३ का वडा अध्यक्ष किरण वरालले शिविरको उद्घाटन गर्दै वडाकै सहकार्यमा शिविर संचालन गरिएको जानकारी दिए।

शिविरमा सहभागी विरामीहरुलाई निशुल्क टुथपेष्ट र ब्रस प्रदान गरिएको थियो। शिविर संचालनले सबैको अनुहारमा खुशी छाएको डा. कृपा शाहीले वताइन्।

नवदुर्गा युवा क्लवका अध्यक्ष मनोज वरालको अध्यक्षतामा भएको कार्यक्रममा संचालन सचिव सूर्दशन वराल, कार्यक्रम व्यवस्थापन क्लवका कोषाध्यक्ष अमृत कार्कीले गरेका थिए।

## एमाले ...

आकाङ्क्षा पूरा गर्न पनि एमाले र कांग्रेसको सहकार्य आवश्यक छ।" विगतमा कम्युनिष्ट पार्टीको सरकार गिराउन कम्युनिष्ट पार्टीलाई नै प्रयोग गरिएको भन्दै आफूलाई कम्युनिष्ट भन्नेहरू नै दुई तिहाइको सरकार गिराउन लागि परेको ज्ञवालीको भनाइ छ। एमालेका कार्यकर्ताहरू विचारबाट प्रशिक्षित हुनुपर्ने भन्दै ज्ञवालीले एमालेका कार्यकर्ताहरूले विचारमा स्पष्टता, सङ्गठन निर्माण, प्रचारमा प्रभावकारिता, विकासको अभियन्ता, निर्वाचन परिचालक, जनताको परिचालन, स्वयंसेवी भावना, समन्वयकारी भूमिका आदि गुण हुनुपर्नेमा जोड दिए। आजको प्रशिक्षणमा पार्टीका केन्द्रीय सचिव पद्मा अर्याल, पोलिटब्युरो सदस्य टुकराज सिग्देल, केन्द्रीय स्कूल विभागका सदस्य हस्त पण्डितलगायतका नेताहरूले सहजीकरण गर्नुभएको थियो।

## पोखरा ...

छ। त्यस्तै कार्यसमिति सदस्यमा सविन गुरुङ (लम्जुङ), पहल शाही (तनहुँ), दल बहादुर राना (नवलपुर), राजेन्द्र रोका (बाग्लुङ), उमा महेश घिमिरे (कास्की), पुजन शाक्य (कास्की), ऋषीसरा थापा (कास्की), विमल परियार (स्याङजा) र रमेश थापा (कास्की) रहनु भएको छ।

संघका अध्यक्ष मर्सानीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा सहभागिहरुले पोखरा रंगशालाका अधुरा कार्य पुरा गर्न सबैको ध्यान जानुपर्नेमा जोड दिनु भएको थियो। पोखरामा फुटवल स्टेडिएममा फ्लट लाइट जडान, सुइमिङपुल, सुटिङ प्रशिक्षण केन्द्र लगायतका भौतिक संरचना निर्माण गर्नुपर्ने वक्ताहरुले जोड दिनु भएको थियो।

यस अघि अधिवेशनको उद्घाटन गर्दै राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङले गण्डकी प्रदेश खेलकुदको गर्विलो इतिहास लाई जोगाइ राख्न सबै खेलप्रेमीहरु एक जुट हुनुपर्ने बताउनु भयो। पोखरा रंगशालामा धैरै अधुरो निर्माणका कार्यहरु रहेको तर्फ इंगित गर्दै सबैको साथ र सहयोगमा निर्माण सम्पन्न हुनेमा विश्वास व्यक्त गर्नु भयो।

नेपाल बक्सिङ संघका उपाध्यक्ष गणेश बहादुर भट्टराईले सरकारले खेलकुदको स्वयंसेवीहरुको भावनाको सहि पहिचान गर्न नसक्दा खेल क्षेत्र पछि परेको आरोप लगाउनु भयो। खेलकुदमा लगानी बढाउनु पर्ने कुरामा जोड दिंदै बक्सिङ खेलको विकासका लागि सबैको सहयोग र सहकार्य आवश्यक रहेको उहाँको भनाई थियो । नेपाल बक्सिङ महासंघका केन्द्रिय सदस्य राजेन्द्र पहारीले नेपालको बक्सिङमा पदकको राम्रो सम्भावना रहेको दाबी गर्नु भयो। गण्डकी प्रदेश तेक्वान्दो संघका अध्यक्ष जगन बहादुर गुरुङले राज्यले अझै पनि खेलकुद क्षेत्रलाई बुझ्न नसक्दा खेल क्षेत्र पछि परेको दाबी गर्नु भयो ।


बाढीपहिरोबाट जोगिऔं

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदाः

- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू–क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं।
- बस्ती तथा समुदायको रक्षा गरौं।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

बाढीपहिरोबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

